आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिका बैठक संख्याः ४।०८१/०८२

**मिति २०८१ साल फागुन २५ गतेको कार्यपालिका बैठकको निर्णयहरु**

१) यस गाउँपालिकाको योजना तथा कार्यक्रमहरूको सम्झौता सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृतबाट हुने गरेका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा अधिकृत स्तरको निमित्त प्रमुख प्रशासकीय अधितबाट समेत योजना सम्झौताका कार्यहरू गर्ने निर्णय सर्व सम्मत पारित गरियो। साथै गत महिनाको कार्यपालिका बैठबाट चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरूको सम्झौता २०८१ फागुन मसान्त सम्म सम्पन्न गरिसक्न निर्देशन दिने निर्णय भएकोमा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सरूवा भई तोकिएको समयमा योजना तथा कार्यमहरूको सम्झौता सम्पन्न हुन नसकेकोले योजना तथा कार्यक्रमहरूको सम्झौता गर्ने म्याद २०८१ चैत्र १५ सम्म समय थप गर्ने ।

२) यस गाउँपालिकाबाट विभिन्न समयमा भएका बोलपत्रहरू मार्फत छनौट भई गाउँपालिकासँग सम्झौता भएर निर्माण सम्धी कार्य गरिरहेका देहाय बमोजिमका ठेक्का सम्झौताहरूको म्याद समाप्त भएकोमा निर्माण व्यवसायीबाट विभिन्न काहरू पेश गरी म्याद थपको लागि अनुरोध भई आएको हुँदा निम्न बमोजिमका ठेक्काको म्याद अन्तिम पटकका लागि २०८२ असार मसान्त सम्म थप गर्ने ।

- *च्यामदोल गतलाङ सडक निर्माण योजना, लोवेन निर्माण सेवा*
- गतलाङ बुद्धपार्क निर्माण, सि एम/नव जानुकादेवी निर्माण सेवा

३) गाउँपालिकाको प्रशासकीय भवन संरचना निर्माण गर्न तथा गाउँपालिका अन्तरगत रहने शाखाहरू सञ्चालन गर्नको तं २०८१।१०।१५ गते जग्गा प्राप्ती र घर बहालमा लिनका लागि सार्वजनिक सूचना मार्फत आव्हान गरिएकोमा जग्गा प्रका लागि हालसम्म कुनै पनि निवेदन प्राप्त नभएको र घर बहालमा दिनका लागि प्राप्त भएका निवेदनहरू उपर गाउँपालिकाको खरिद समितिको मिति २०८१ फागुन ६ गतेको बैठकले सबै निवेदनहरू अयोग्य भएको भनि निर्णय गरेको हुँदा गाउँपालिकाको शाखा सञ्चालन तथा अन्य प्रयोजनको लागि घरभाडामा लिन र गाउँपालिकाको केन्द्र तोकिएको गोल्जुङवेसी झोलुङ्गे पुललाई केन्द्र मानि (पूर्व, पश्चिम, दक्षिण तर्फ) ३०० मिटरको क्षेत्र भित्रका जग्गा प्राप्तीको लागि सार्वजनिक सूचना प्रकाशन मार्फत आव्हान गर्ने र केन्द्र तोकिएको स्थान आसपास गाउँपालिकाको अस्थायी संरचना निर्माणका लागि सडकले छोएको जग्गा गाउँपालिकाको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी लिजमा लिन समेत सूचना प्रकाशन गर्ने ।

४) सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन) २०६४ को दफा (३५) मा सबै सरकारी कार्यालयहरूले आफ्नो कार्यालयको कारबाहीको विषयमा सरोकारवालाहरूलाई सार्वजनिक रूपमा जानकारी दिन प्रवक्ता तोक्नु पर्ने व्यवस्था भए अनुसार गाउँपालिकाको प्रवक्तामा वडा नं ५ का वडा अध्यक्ष दावा गोम्वो तामाङलाई तोक्ने ।

५) यस गाउँपालिकाको स्वामित्वमा रहेको स्काभेटरको सञ्चालनका लागि आवश्यक जनशक्ति करार नियुक्ति गर्न विज्ञापनको प्रक्रिया अघि बढाउने ।

६) गाउँपालिकाबाट वडा नं ५ मा गाउँपालिका अध्यक्षको लागि भाडामा लिएको क्वार्टरमा एक जना सहयोगी नियुक्ती गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

७) ०८०।८१ मा गाउँपालिकाबाट देहाय बमोजिमका योजना तथा कार्यक्रम शीर्षकहरूमा भुक्तानी हुनु पर्ने रकम अपुग भएको कारण भुक्तानी हुन नसकेकोले आगामी आर्थिक वर्ष २०८१।८२ को बजेटबाट भुक्तानी हुने गरी आर्थिक प्रशासन शाखाबाट सारिएको दायित्व स्वीकृत गरी सोहि बमोजिमको रकम भुक्तानी दिने ।

- तामिङ घले ३७,५००/-
- ठूलो हाकु नालि निरमाण उपभोक्ता समिति ४०,००,०००।-
- दिपक मान जोशी ११,८०,०००/-

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner